म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १६३ बिहीबार, १० माघ २०८१ ने. सं. ११४५ पोहेलागा 23 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु.

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सीप सिकाउँदै भीमफेदीको ४ नम्बर वडा

हेटौँडा, ९ माघ/मकवानपुरको भीमफेदी गाउँपालिका-४ ले नि:शुल्क सीपमूलक तालिमका दागि दरखास्त खुलाएको छ । बागमती प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय प्रदेश युवा परिषद् बागमतीको आर्थिक सहयोग, वर्ल्ड लिंक टेक्निकल ट्रेनिङ ई. प्रा.लि.को प्राविधिक सहयोगमा वडाले नि:शुल्क कुक तालिम गर्न लागेको वडाध्यक्ष सागर पाण्डेले जानकारी दिए ।

४ नम्बर वडाको सहकार्यमा १ सय ६० घण्टा अवधिको कुक विषयको तालिम युवालाई लक्षित गरी संचालन गरिने अध्यक्ष पाण्डेले बताए । तालिम लिन इच्छुकले माघ ८ गतेको मितिले ७ दिनभित्र वडामा निवेदन दिन सूचनामा भनिएको छ ।

# बागमतीमा एक अर्बको १० शीतभण्डार बेवारिसे

साझाकुरा संवाददाता



हेटौंडा, ९ माघ/ सरकारलाई एक करोड लागतको १० वटा आफ्ना पूर्वाधारका योजना निर्माण गर्न कति वर्ष लाग्ला, १, २ वा ३ वर्ष ? बागमती प्रदेशले २०७५/७६ सालमै सुरु गरेको एउटा योजना ६ वर्ष लागिसक्दा पनि पूरा गर्न सकेको छैन ।

आलुलगायतका मौसमी, बेमौसमी तरकारी भण्डारण गर्न निर्माण गरिएको शीतभण्डारको योजना कतै निर्माण सकिएर पनि बन्दै त कतै निर्माण नै अधुरो अवस्थामा रहेका छन् । शीतभण्डार निर्माण सुरु गरेयता मात्रै बागमतीमा ५ पटक सरकार फेर बदल भइसकेको छ । तर, शीतभण्डार निर्माण योजनाले पूर्णता पाउन सकेको छैन । निर्माण सकिएका शीतभण्डार पनि बेवारिसे बनेका छन् । शीतभण्डार मौसमी तरकारी र फलफूललाई सुरक्षितरुपमा भण्डारण गरी किसानले बजारमा माग बढेको समयमा बिक्री गर्नका लागि सहजता ल्याउन यो योजना कार्यान्वयनमा लगिएको थियो ।

प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजीक्षेत्रको साझेदारीमा प्रदेशका विभिन्न जिल्लामा एक अर्ब ६ करोडका १० शीतभण्डार ६ वर्षदेखि निर्माण सुरु गरेको थियो । तीमध्ये ६ वटा शीतभण्डार निर्माण भएर बन्द अवस्थामा र ४ वटा निर्माण पूरा हुने चरणमा छन् । जग्गा उपलब्ध नहुँदा २ वटा शीतभण्डारको निर्माण अझै सुरु हुन सकेको छैन । प्रदेश सरकारले दोलखा, काभ्रे, मकवानपुर, रसुवा, नुवाकोट, धादिङ, चितवन, सिन्धुली र रामेछापमा शीत भण्डार निर्माण गरेको हो ।

नुवाकोटमा २, दोलखामा २ र अन्य जिल्लामा एक/एक वटा शीतभण्डार निर्माणको ६ वर्षअघिबाटै भएको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । पहिलो चरणमा सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको जिरी, नुवाकोटको रामेछापको मन्थली, सिन्धुलीको सुनकोशी, रसुवाको कालिकामा शीतभण्डार बनाउने काम थालिएको थियो । दोस्रोचरणमा चितवनको खैरहनी र धादिङको बेनीघाटमा र तेस्रो चरणमा नुवाकोटको विदुर र बेलकोटगढीमा शीतभण्डार निर्माण अघि बढेको थियो ।

मकवानपुरको थाहा नगरपालिकामा भने स्थानीय तहले नै निर्माण र सञ्चालनको सम्पूर्ण जिम्मा लिएको थियो । सोही अनुसार थाहा नगरपालिकालाई प्रदेश सरकारले अनुदान उपलब्ध गराएको थियो । दोलखाको भीमेश्वर र काभ्रेको बनेपामा भने जग्गा छनोटको काममा समस्या भएपछि निर्माणकार्य अघि बढ्न सकेन । पहिलो र दोस्रोचरणमा प्रदेश सरकारले शीतभण्डार निर्माणका लागि इजी इन्फ्रा प्रालिसँग र तेस्रो चरणमा निर्माण हुने शीतभण्डारका लागि रसुवा कन्ट्रक्सनसँग सम्झौता गरेको थियो ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले विगतको सरकारले शीतभण्डार योजना कार्यान्वयन चरणमा साझेदार संस्था छनोटमा गल्ती गर्दा समस्या भएको बताए । साझेदारी अनुसारको रकम बेहोर्न नसक्ने संस्थालाई समेटेकाले हाल व्यवस्थापनमा समस्या भएको उनले बताए । कृषिमन्त्री प्रकाश श्रेष्ठले विगतको सरकारले कार्यक्षेत्रमा नगई योजना बनाउँदा कमजोरी भएको बताए । उनले केही समस्या र विवादकाबीच शीतभण्डार सञ्चालनमा ल्याउन पहल गरिरहेको बताए ।

कृषि मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले शीतभण्डार सञ्चालनमा ल्याउन कठिन रहेको बताए । एकै प्रकृतिको काम प्रदेश सरकारले फरक-फरक रणनीतिमा सञ्चालन गरेकाले व्यवस्थापकीय जटिलता देखिएको उनको भनाइ छ । सरकारले विगतमा मापदण्ड अनुसार साझेदार संस्था छनोट गर्न नसक्दा कतिपयमा सबै लगानी आफैंले बेहोर्नुपरेको उनी बताउँछन् ।

१० वटा शीतभण्डार निर्माणका लागि १ अर्ब १७ करोड ३० लाख ५१ हजार रुपैयाँ लागत अनुमान रहेकोमा १ अर्ब ४ करोड ९३ लाख ९६ हजार रुपैयाँमा प्रदेश सरकारले ठेक्का सम्झौता गरेको थियो । शीतभण्डार निर्माणमा लाग्ने खर्च प्रदेश र स्थानीय तह/सहकारीको साझेदारीमा क्रमश: ७० र ३० प्रतिशतका दरले लागत व्यहोर्ने तथा प्रदेश र निजीक्षेत्रको साझेदारीमा ५०/५० प्रतिशत रकम व्यहोर्ने सम्झौता भएको थियो । प्रदेश कृषि मन्त्रालयका अनुसार निर्माण भइसकेका र निर्माणकार्य चलिरहेका शीतभण्डारका साझेदारले सम्झौताअनुसार १० करोड १२ लाख ४४ हजार रुपैयाँ भुक्तानी दिन बाँकी रहेको छ ।

# ८१ केजी गाँजा र बन्दुकसहित दुईजना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/ मकवानपुरको पश्चिमीक्षेत्रको मनहरी बजारस्थित इलाका प्रहरी कार्यालयले ८१ केजी लागूऔषध गाँजा र भरुवा बन्दुकसहित दुईजना पक्राउ गरेको छ ।

इप्रका मनहरीले भिन्दाभिन्दै ठाउँमा लागूऔषध गाँजा ओसारपसारमा संलग्न र अनुमतिबिना भरुवा बन्दुक राख्ने दुईजनालाई पक्राउ गरेको हो । इप्रका मनहरीको टोलीले पूर्व-पश्चिम लोकमार्गअन्तर्गत पर्ने मनहरी गाउँपालिका-८ सिम्पानीमा राक्सीराङ चैनपुरतबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०६-००१ च ००६२ नं.को बोलेरो पिकअप गाडीलाई रोकेर जाँच गर्दा ८१ केजी गाँजा फेला पारेको थियो ।

प्रहरीले गाँजासहित गाडी तथा चालक मकवानपुर कैलाश गाउँपालिका-४ का २२ वर्षीय छेटुप थिङ नियन्त्रणमा लिएको हो । गाडीको पछाडिको ढालाभित्र फल्सवटम बनाएर प्लास्टिकमा प्याक गरेर गाँजा लुकाएर ल्याइएको थियो । प्रहरीले नियन्त्रणमा लिएको थिङलाई गाँजा मुद्दा दर्ता गरेर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय हेटौंडाका प्रहरी नायव उपरीक्षक एवम् प्रहरीप्रवक्ता श्यामु अर्यालले बताए ।

मकवानपुर प्रहरीका अनुसार चालु आवको साउनदेखि माघ ९ गते गतेसम्म ३ हजार ९ सय ६० केजी गाँजा, ४० केजी चरेस र ५ सय ३९ ग्राम खैरोहेरोइन बरामद गरेको छ । लागूऔषध कारोबार गरेको आरोपमा मकवानपुर प्रहरीले यस अवधिमा नेपाली र भारतीय नागरिकसहित १ सय १४ जना पक्राउ गरेको प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता अर्यालले बताए ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार गत आवमा लागूऔषध ओसारपसार गरेको आरोपमा २१ महिलासहित २ सय ५० जनालाई प्रहरीले पक्राउ गरेर मुद्दा दायर गरेको थियो । यो अवधिमा मकवानपुर प्रहरीले ३ हजार ९ सय ६२ केजी गाँजा बरामद गरेको थियो भने १३ केजी अफिम, ७८ ग्राम खैरोहेरोइन र १ सय ५ केजी चरेस बरामद गरेको थियो ।

यसैगरी, इप्रका मनहरीले मनहरी गाउँपालिका-९ स्थित हरियाली सामुदायिक वनबाट राक्सिराङ गाउँपालिका-१ गड्वानका ५२ वर्षीय जीतबहादुर थिङलाई अवैध भरुवा बन्दुकसहित पक्राउ गरेको छ । भरुवा बन्दुक काँधमा बोकेर हिँडिरहेको अवस्थामा प्रहरीले फेला पारेर बन्दुकसहित थिङलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डिएसपी अर्यालले जानकारी दिए । थिङलाई हातहतियार तथा खरखजनासम्बन्धी कसुरमा मुद्दा चलाइएको डिएसपी अर्यालले बताए ।

# हेटौँडाको १८ नम्बर वडा बालमैत्री घोषणा




साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/हेटौंडा उपमहानगरपालिकाको १८ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । बुधबार उपमहानगरप्रमुख मीनाकुमारी लामाले १८ नम्बरलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेकी छन् ।

१८ नम्बर वडा हेटौंडा उपमहानगरपालिकाभित्रका १९ वटा वडामध्ये बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुने १५ औं वडा भएको छ । अब १ नम्बर वडा पनि बालमैत्री घोषणाको तयारीमा छ । सबै वडालाई बालमैत्री घोषणा गरिएपछि उपमहानगरलाई नै घोषणा गर्ने तयारी भइरहेको छ । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्यक्रममा १८ नम्बरका वडाध्यक्ष अनिलकुमार बानियाँले वडाको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

वडाध्यक्ष बानियाँका अनुसार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि आवश्यक सूचक पूरा भएपछि घोषणासभा गरिएको हो । आवश्यक ५१ सूचकमध्ये ४६ वटा सूचकमा शतप्रतिशत र बाँकी सूचकमा न्यूनतम नतिजा हासिल भएसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

कार्यक्रममा अध्यक्ष बानियाँले वडामा बालबालिकाको लागि पञ्चवर्षीय लगानी योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको उल्लेख गरे ।

ज्योति माध्यमिक विद्यालय, हर्नामाडीको परिसरमा भएको घोषणासभामा वडाका ६ वटा विद्यालयसहित १८ वटा बालसमूहका साथै अन्य विभिन्न संघसंस्थाको सहभागिता रहेको थियो । हेटौंडा उपमहानगरभित्र अब ४ वटा वडा बालमैत्री घोषणा हुन बाँकी रहेका छन् । जसमध्ये वडा नम्बर १ मा माघ ११ गते, ३ मा १३ गते र १५ मा १५ गते बालमैत्री घोषणा गर्ने तयारी भइरहेको बताइएको छ ।

# प्रदेशस्तरमा तीन दिन सहिद दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/ बागमती प्रदेश सरकारले सहिद दिवस २०८१ विविध कार्यक्रमको आयोजना गरी तीन दिन भव्यरुपमा मनाउने भएको छ । यही माघ १४, १५ र १६ गते सहिद दिवस तीन दिन प्रदेशस्तरमा सहिद दिवस मनाउने निर्णय गरिएको हो ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा भएको सरोकारवालाको भेलाले सहिद दिवस विशेष कार्यक्रम आयोजना गरी भव्यताका साथ मनाउने निर्णय गरेको मन्त्रालयले जनाएको छ । सहिद दिवसको अवसरमा माघ १४ गते स्वास्थ्य मन्त्रालयले प्रदेशको १३ वटै जिल्लामा स्वास्थ्यसम्बन्धी शिविर सञ्चालन गर्ने निर्णय गरिएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिए ।

सहिद दिवस मनाउन प्रदेश सरकारमा प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेको संयोजकत्वमा मूलसमारोह समिति गठन गरिएको छ । सहिद दिवसका अवसरमा प्रदेशभरका सम्पूर्ण विद्यालयमा नियमित शैक्षिक क्रियाकलापका अतिरिक्त सहिदको विषयसँग सम्बन्धित निबन्ध प्रतियोगिता सञ्चालन गर्ने र माघ १६ गते बिहान ७:३० बजे हेटौंडा ११ स्थित सहिदस्मारकमा मूलसमारोह कार्यक्रम



सञ्चालन गरिने उनले बताए ।

यसअघि सहिदस्मारक प्रवेशद्वारमा भेलाभई प्रभातफेरी गर्ने गरी कार्यक्रम तय गरिएको छ । उनका अनुसार कार्यक्रममा प्रदेशप्रमुखलाई प्रमुखअतिथिका रुपमा, मुख्यमन्त्री, पूर्वमुख्यमन्त्री एवम् सहिदस्मारक विकास समितिका अध्यक्ष र सभामुखलाई विशेष अतिथिको रुपमा आमन्त्रण गरिने छ । सहिद दिवस, २०८१ को अवसरमा माघ १४, १५ र १६ गते प्रदेश मन्त्रालय/कार्यालय र सार्वजनिकस्थानको विशेष सरसफाइ गरिने र नगरक्षेत्र सरसफाइ कार्यको जिम्मेवारी हेटौंडा उपमहानगरलाई दिइएको छ ।

यस्तै, माघ १६ गते साँझ प्रदेशस्थित सबै मन्त्रालय/कार्यालय/सार्वजनिक एवम् सामुदायिक संघसंस्था, शैक्षिक प्रतिष्ठान तथा निकायले दीपावली गर्ने र यो कार्यका लागि प्रदेशवासीलाई समेत अनुरोध गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ । सहिद दिवसमा प्रदेशभर सबै सार्वजनिक निकायमा सम्बन्धित निकायले राष्ट्रिय झण्डा फहराउने, हेटौंडास्थित बुद्धचोक र बसपार्कलगायतका तीनवटा सार्वजनिकस्थलमा राष्ट्रिय झण्डा राख्ने र सबै प्रदेश मन्त्रालय/निकायले आफ्नो बेवसाइटको होमपेजमा सहिद दिवस, २०८१ लेखिएको व्यानर राख्ने भेलाले निर्णय गरेको छ । १६ गतेको मूल कार्यक्रममा प्रभातफेरी तथा मञ्च व्यवस्थापनको जिम्मेवारी स्मारक विकास समितिले गर्ने भएको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# भूमि अध्यादेशले जगायो वनकरियाको आशा

करिब दुई दशक अघिसम्म जंगलमा फिरन्ते जीवन बिताइरहेका वनकरिया समुदाय हाल मनहरी-४ मुसेधापको ट्वाङ्ग्रा खहरेको किनारमा बसोबास गर्दै आएका छन् । नेपाल सरकारको भूमि आयोगले स्थानीय तहलाई चाँडो भन्दा चाँडो यस्ता जग्गा नापी गर्नको लागि परिपत्र गर्नेमा आफूहरु आशाबादी रहेको उनीहरु बताउँछन् । सरकारले २०६२ साल चैत्र २८ गते मनहरी गाउँपालिका-४ मुसेधापस्थित कबुलियती वनको ९ हेक्टर जमिन २० वर्ष बसोबास गर्न पाउने गरी कागज गरेर वनकरियालाई बासस्थान उपलब्ध गराएको थियो । तत्कालीन जिल्ला विकास समिति, जिल्ला वन कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्ला कृषि कार्यालय, हाँडीखोला गाविसलगायत सरकारी निकायको पहलमा स्थानीय प्रशासनले वनकरियालाई कबुलियतीवनको क्षेत्रफलमा बसोबास गर्न दिएको थियो । तत्कालीन हाँडीखोला-७ हाल मनहरी-४ का स्थानीयले वनकरियालाई उनीहरुले चर्चेको जंगल छेउछाउमै बसोबास गराउन उपयुक्त हुने राय दिएका थिए । २०८२ को चैत २८ गते वनकरियासँग भएको सम्झौतापत्रको म्याद सकिन लागेसँगै वनकरिया समुदायको मुटुमा ढ्यांग्रो बज्न थालेको हो ।

सरकारले आफूहरुलाई बसोबास गर्न दिएको क्षेत्रमा २० वर्ष पूरा हुन लाग्दासम्म पनि लालपुर्जा उपलब्ध नगराउँदा आफूहरु फेरि जंगल फर्किनुपर्ने हो कि ? भन्ने मनमा डर पैदा भईरहेको स्थानीय कुमार बनकरियाले दुखेसो पोखेका छन् । मकवानपुरको मनहरी-४ मा रहेको वनकरियाबस्तीमा २३ घरधुरी रहेको छ । जसमा ९३ जना बनकरिया जनसंख्या छन् । प्रदेश सरकारको लगानीमा यहाँ रहेका वनकरिया समुदायको लागि केही आवास पनि निर्माण भएका छन् । २०६२ सालमा मुसेधापस्थित कबुलियत वन उनीहरुलाई उपलब्ध गराइएको थियो । मुसेधापस्थित खहरेकिनारमा बसोबास गर्दै आएका वनकरिया समुदायलाई विभिन्न समस्याले सताईरहेको छ । वनकरिया समुदायका बालबालिका बीचमै पढाइ छाडेर काम गर्न हिँड्ने र कलिलै उमेरमा विवाह गर्ने समस्या पनि उत्तिकै रहेको पशुपतिनाथ माविले जनाएको छ । सरकारले बस्नको लागि बासस्थान उपलब्ध गराए पनि आफूहरुले भोगचलन गर्दै आएको जग्गाको लालपुर्जा हातमा नपर्दा यो कुराले उनीहरुको मन चसक्क चस्किरहेका हो । बसोबासको लागि कागज दिएको २० वर्ष पुग्नै लाग्दा पनि वनकरियालाई स्थायित्व गराउने सरकारको कुनै छाँटकाँट नदेखिँदा आफूहरु निकै चिन्तित भएको वनकरिया समुदायका अगुवा महिला सन्तमाया बताउँछिन् । वनकरिया समुदायका लागि सरकारी आवास निर्माण गर्न सरकारले निकासा गरेको रकम उनीहरुको नाममा लालपुर्जा नभएकै कारण धेरैपटक बजेट फ्रिज भएको थियो । नेपालका लोपोन्मुख १० जातिमध्ये वनकरिया पनि एक हो ।

सरकारले यस समुदायको शैक्षिक उन्नतिको लागि केही पहल गरेको भयता पनि त्यसको प्रभावकारिता भने देख्न पाइएको छैन । अधिकांश बालबालिका स्कुले जीवनबाटै पढाइ छोड्ने यो समुदायको प्रमुख समस्या रहेको छ । ६ जनाले एसईईसम्म पास गरेको भएता पनि उनीहरुले सरकारी सेवामा रोजगारी पाएका छैनन् । यो समुदायमा गिट्टी बालुवा ढुंगा लोड गर्नुपर्ने बाध्यता रहेको स्थानीयको गुनासो छ । सरकारले व्यवस्थित ढंगले कागजी प्रक्रिया गरेर वनकरिया समुदायलाई जग्गा दिन नसकेता पनि जग्गाको वर्गीकरण गरेर निस्सा बाँडिसकेको छ । विकट वनकरिया बस्तीका वनकरिया आधारभूत आवश्यकताबाट नै वञ्चित हुनुपर्ने अवस्था रहेको छ । सरकारले वनकरियाको लागि भत्ता उपलब्ध गराउने गरेको छ तर, यहाँका बासिन्दालाई भत्ता भन्दा पनि लालपुर्जा सहितको आवास र रोजगारीको अवसरको आवश्यकता रहेको देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ ११ गते शुक्रबार २४ जनवरी २०२५ । दशमी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:३७ । अन्तर्राष्ट्रिय शिक्षा दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परीक्षामा सफलता मिल्नेछ | तुला | : धर्मकर्ममा मन जानेछ |
| वृष | : पढाइमा रुचि बढ्नेछ | वृश्चिक | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| मिथुन | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | धनु | : अधुरो काम बन्ने सम्भावना छ |
| कर्कट | : शुभ समाचार मिल्नेछ | मकर | : मित्रहरुबाट सहयोग हुनेछ |
| सिंह | : भाग्योदयको योग छ | कुम्भ | : आफन्तबाट विरोध हुनेछ |
| कन्या | : सहयोगी हातहरु बढ्नेछ | मीन | : पेसाबाट घाटा देखिन्छ |

# नेपालमा विद्यार्थी आन्दोलनको रूपान्तरण



✍ श्याम रोका

नेपालका हरेक आन्दोलनमा निर्णायक भूमिका खेल्दै आएका युवा विद्यार्थी पछिल्लो समय मूलधारको राजनीतिबाट विरक्तिएर विदेश पलायनको मनस्थितिमा पुग्नु निकै दुःखद् छ । देशमा प्रजातन्त्र ल्याउने, पञ्चायत ढाल्ने, निरंकुश राजतन्त्र अन्त्य गरेर गणतन्त्र स्थापना गर्ने कार्यमा विद्यार्थी र युवाको महत्वपूर्ण र हस्तक्षेपकारी भूमिका थियो ।

तर गणतन्त्र स्थापनापछि विकास र समृद्धिको यात्रामा युवाहरूको भूमिका र खबर दारी कमजोर भएर गयो । राजनीतिमा युवाहरूको आकर्षण घट्दा संघीयताको अभ्यासमा बाधा पुगिरहेको छ । गाउँबाट हिंडेका विद्यार्थी पढाइ सकेर गाउँ फर्कदैनन्, विदेशतिर जान्छन् । गाउँमा अवसर सिर्जना गर्नेभन्दा पनि विदेशमा अवसर खोज्नेतर्फ विद्यार्थीको ध्याउन्न छ । परिणाम आज समग्र राष्ट्रले भोग्नुपरेको छ ।

एक हिसाबले आजका गाउँहरू वृद्धाश्रम जस्तो बनेका, सुनसान छन् । देशको अर्थतन्त्र शिथिल भएको छ । भ्रष्टाचार बढेको छ । विकास निर्माण कार्यमा दक्ष जनशक्तिको अभाव खट्किरहेकै छ । यो परिस्थिति आउनुमा मुख्य दोष राजनीतिक नेतृत्वकै छ । त्यससँगै दोषयुक्त राजनीतिमाथि प्रश्न गर्नुपर्ने कर्तव्यबाट विद्यार्थीहरू भाग्न खोजेको यथार्थलाई पनि नजर अन्दाज गर्न सकिंदैन ।

**परिवर्तनका संवाहक**

विद्यार्थीलाई परिवर्तनका संवाहक मानिन्छ । बंगलादेशमा केही समयअघि मात्रै युवा-विद्यार्थीले आन्दोलनको आँधीहुरी ल्याउँदा निरंकुश र तानाशाही सरकार ढल्यो । राष्ट्रपति भागेर विदेशमा शरण लिन बाध्य भइन् । नेपालमा विद्यार्थी आन्दोलनको स्वर्णिम इतिहास छ । तर विद्यार्थी आन्दोलनको भविष्य अन्योलमा छ ।

राणाहरूले नेपालमा शैक्षिक विकासमा उतिसाह्रो ध्यान दिएका थिएनन् । किनकि, उनीहरूलाई जनता सचेत हुँदा शासन गर्न गाह्रो पर्छ भन्ने लागेको थियो । हुनेखानेका छोराछोरी यतिबेला भारतमा गएर पढे । उनीहरूले नै संगठित रूपमा नेपालमा राणाशासन फाल्ने अभियान चलाएका थिए । अंग्रेजको उपनिवेशबाट भारतलाई स्वतन्त्र बनाउन सक्रिय भएका प्रवासी नेपाली विद्यार्थीहरू नेपालमा पनि प्रजातन्त्र ल्याएर तानाशाही शासन अन्त्य गर्नुपर्ने निष्कर्षमा थिए । मानवअधिकार, अभिव्यक्ति स्वतन्त्रता, सभा-संगठनमा रोक लगायत राणाकालीन निरंकुशतालाई समाप्त गर्दै २००७ सालमा प्रजातन्त्र स्थापना गर्न उनीहरूको महत्वपूर्ण भूमिका रह्यो ।

२०१७ सालमा राजा महेन्द्रले निर्वाचित प्रधानमन्त्री बीपी कोइरालालाई अपदस्थ गरेर निर्दलीय पञ्चायती व्यवस्था स्थापना गरे । सबै प्रकारका राजनीतिक क्रियाकलापमाथि रोक लगाइयो । विद्यार्थी आन्दोलनहरू यसबाट प्रभावित भएको थियो । तर विद्यार्थीले प्रतिरोध जारी राखे ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना हुँदा पनि विद्यार्थीको भूमिका ठूलो थियो । यतिबेला देशको ठूलो युवा तथा विद्यार्थी तप्का पञ्चायत विरुद्ध आन्दोलनमा थियो । युवा-विद्यार्थीले त्यतिबेलै गणतन्त्र माग गरेका थिए । तर यो आन्दोलन सम्झौतामा गएर टुंगियो, जहाँ राजा संवैधानिक रूपमा बस्न तयार थिए । २०५२ सालमा नेकपा माओवादीले संविधानसभा, गणतन्त्र र धर्मनिरपेक्ष राज्य माग गर्दै सशस्त्र आन्दोलन सुरु गर्दा पनि युवा र विद्यार्थी वर्गको भूमिका जबर्जस्त थियो । ठूलो संख्या युवा-विद्यार्थी युद्धमा शहीद भए ।

२०६१ साल माघ १९ मा राजा ज्ञानेन्द्रले असंवैधानिक रूपमा 'कु' गरेर सत्ता हातमा लिएको केही समयपछि सशस्त्र युद्ध गरि रहेको माओवादी र संसदीय राजनीतिमा सक्रिय कांग्रेस, एमाले लगायत दलहरूबीच १२ बुँदे सहमति भयो । निरंकुशता समाप्त हुनुपर्छ भन्ने सबैको माग थियो । युवा तथा विद्यार्थीले मिलेर संयुक्त आन्दोलन गरे । जनआन्दोलन सफल बनाउन उनीहरूको ठूलो भूमिका थियो । उनीहरू अग्रमोर्चामा रहे । जनआन्दोलनमा शहीद हुनेमध्ये अधिकांश युवा र विद्यार्थी नै थिए ।

देश आज गणतन्त्रमा छ, लेख्न र बोल्न स्वतन्त्रता छ । आफ्नो आवाज निर्धक्कसँग राख्न सकिन्छ । यस्तो स्वतन्त्रताको लाभ उठाएर देशलाई विकास र समृद्धिको बाटोमा लैजाने इच्छाशक्ति विद्यार्थी तथा युवामा हुनुपर्ने हो । तर, नेपालको राजनीतिमा अझै पनि वृद्ध पुस्ता नै हावी छ । उनीहरूकै सोच र चिन्तनले देश चलेको छ । युवाले आफ्नो उपस्थिति र हस्तक्षेप बढाउन सकेको देखिन्न ।

**चुनौती**

शैक्षिक सुधार वा सामाजिक रूपान्तरणको एजेन्डालाई नेपालका विद्यार्थी संगठनले प्राथमिकतामा राखेको देखिन्न । त्यहीकारण आम विद्यार्थी यस्ता संगठनमा जोडिन खासै रुचि देखाउँदैनन् । विगतमा लोकतन्त्र ल्याउने एजेन्डाले पनि विद्यार्थी संगठनलाई जोडेको थियो । तर आज, उनीहरू एजेन्डा र गन्तव्यविहीन छन् । समाजमा भएका विकृति, विसंगति विरुद्ध आवाज उठाउन उनीहरूले खासै बल गरे जस्तो देखिन्न । विद्यार्थी संगठनहरूबीच स्वस्थ वैचारिक बहसको कमी छ । आफू राम्रो र अरूलाई नराम्रो भनेर सत्तोसराप गर्ने प्रवृत्ति ज्यादा छ । स्पष्ट कार्यदिशा छैन । काम गर्नेभन्दा पद ओगट्ने प्रवृत्ति नेपालीको पहिचान जस्तै बनिसकेको छ । विद्यार्थी संगठनमा पनि यो हावी छ । प्राय: विद्यार्थी संगठनहरू पदप्राप्तिको आन्तरिक द्वन्द्व र गुटबन्दीबाट ग्रस्त छन् । मूल नेतृत्वको नियन्त्रणमा विद्यार्थी संगठनहरू रहेकाले उनीहरूको स्वतन्त्र पहिचान बन्न सकेको छैन । विद्यार्थीको वास्तविक चासो र आवश्यकताहरूको सट्टा पार्टीका सत्ता-शक्तिकेन्द्रित जोडघटाउमा विद्यार्थी आन्दोलन रुमल्लिएको छ ।

तोडफोड, हिंसात्मक प्रदर्शन र ढुंगामुढा गर्ने वर्गका रूपमा विद्यार्थीको गलत छवि बनेको छ । यसले संगठनहरूको प्रतिष्ठा धुमिल पारेको छ । शैक्षिक सुधार, पाठ्यक्रम सुधार, गुणस्तरीय शिक्षा, छात्र कल्याण जस्ता वास्तविक समस्यामा उनीहरूको पर्याप्त ध्यान गए जस्तो देखिन्न । दीर्घकालीन शैक्षिक सुधारमा ध्यान केन्द्रित गर्नुको साटो अल्पकालीन मुद्दामा उनीहरूको ध्यान छ ।

महँगी र भ्रष्टाचार बढ्दा विद्यार्थी सामूहिक आन्दोलनमा उत्रिएको देखिन्न । संविधानमाथि खतरा पैदा हुँदा पनि उनीहरू चिन्तित भएको देखिन्न । खासमा, अहिले मुख्य-मुख्य विद्यार्थी संगठनहरू मूल पार्टीका प्रचार संयन्त्र जस्तो देखिएका छन् । उनीहरूले नेतृत्वलाई खबरदारी गर्नुभन्दा पनि जयजयकार गर्नमै समय खर्चिएको देखिन्छ । वैचारिक प्रतिस्पर्धा शून्य जस्तो छ ।

**कसरी अघि बढ्ने**

विद्यार्थी संगठनहरूले समाजको वास्तविक समस्यामा ध्यान केन्द्रित नगरी सुखै छैन । विद्यार्थी आन्दोलनको मूल उद्देश्य केवल सत्ताको पक्षमा उभिनु मात्र होइन, समाजका विकृति र असमानताका विरुद्ध जुध्नु हो । भविष्यमा संगठनहरूले विशेष रूपमा शैक्षिक असमानता, बेरोजगारी, महिला अधिकार, दलित र जनजातिको हकको पक्षमा लड्नुपर्नेछ ।

साथै, लोकतन्त्र र मानवअधिकारको सम्बर्धन आफ्नो भूमिका अझ सशक्त बनाउनुपर्नेछ । वर्तमान युग डिजिटलको हो र विद्यार्थी संगठनहरूले यसलाई पूर्ण रूपमा उपयोग गर्न आवश्यक छ । अनलाइन प्लेटफर्म, सोसल मिडिया र डिजिटल संवादको माध्यमबाट संगठनहरूले आफ्नो आन्दोलन र सन्देशलाई छिटो र प्रभावकारी रूपमा फैलाउन सक्छन् । उदाहरणका लागि ट्विटर, फेसबुक, इन्स्टाग्राम जस्ता प्लेटफर्महरूले विद्यार्थी आन्दोलनलाई अन्तर्राष्ट्रियस्तरमा प्रचार गर्न र समर्थन जुटाउन मद्दत पुऱ्याउँछ ।

विद्यार्थी संगठनहरूले आफ्नो नेतृत्वलाई समावेशी बनाउनुपर्छ । जसमा सबै प्रकारका विचार र समुदायलाई सम्मानपूर्वक स्थान दिइन्छ । सबै विद्यार्थीलाई समान अवसर र प्रतिनिधित्व दिने काम गर्दै संगठनहरूले वैचारिक बहस र खुला संवादको माहोल सिर्जना गर्नुपर्नेछ । यसले संगठनहरूलाई थप गतिशील र शक्तिशाली बनाउनेछ ।

विद्यार्थी संगठनहरूले शैक्षिक सुधारका लागि निरन्तर आवाज उठाउनुपर्छ । देशको समग्र शैक्षिक प्रणालीमा सुधार ल्याउन सरकार सँग पहल गर्नुपर्छ । सबैको पहुँचमा गुणस्तरीय शिक्षा पुऱ्याउनका लागि पहल लिनुपर्छ । नेपालमा विशेषगरी दुर्गम क्षेत्र र विपन्न समुदायमा अझै पनि गुणस्तरीय शिक्षाको अभाव छ । स्कुल छाड्ने विद्यार्थीको संख्या ठूलो छ । यसमा सुधार ल्याउन विद्यार्थी संगठनहरू एकजुट भएर लाग्नुपर्छ । शैक्षिक सुधारका मामिलामा विभाजन होइन, सबै विद्यार्थी संगठनबीच एकताको खाँचो छ । समय सुहाउँदो प्राविधिक शिक्षाको पैरवी गर्नुपर्छ ।

युवाहरूको विदेश पलायनको समस्या विकराल छ । यसलाई समाधान गर्न विद्यार्थी एकजुट हुनैपर्छ । स्थानीयस्तरमा रोजगारी र अवसर सिर्जना गर्नका लागि संगठनहरू बीच हातमालो जरूरी छ । युवा शिल्पकला, उद्यशीलता, प्रविधिमा आधारित कार्यक्रम र रोजगारीका अवसरहरू सिर्जना गर्न युवाहरूलाई प्रोत्साहित गर्नुपर्छ । शैक्षिक संस्थाहरू, सरकार र निजी क्षेत्रसँग सहकार्य गर्दै स्थानीयस्तरमा अवसर निर्माण गर्न आवश्यक छ ।

राजनीतिक प्रतिस्पर्धा, भ्रष्टाचार र अनियमितताको विरोध गर्दै विद्यार्थीले सुधारका लागि निरन्तर दबाब दिन जरूरी छ लोकतान्त्रिक प्रक्रिया र मूल्य-मान्यताको रक्षाका लागि विद्यार्थी दलीय स्वार्थको घेराभन्दा माथि उठ्नुपर्छ ।

विद्यार्थी संगठनले अन्तर्राष्ट्रिय समुदायसँग सम्बन्ध स्थापित गरेर वैश्विक मुद्दामा आवाज उठाउन पनि पहल गर्नुपर्छ । जलवायु परिवर्तन, मानवअधिकार, आर्थिक समानता, लैंगिक समानता जस्ता मुद्दाहरूमा विश्वभरका नागरिकको ऐक्यबद्धता जरूरी हुन्छ ।

*(साभार: अनलाइनखबर)*

# अध्यादेशको सन्दर्भ र जनताका वास्तविक समस्या

✍ सागर पण्डित

सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी ११ वटा, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवासम्बन्धी १३ वटा, भूमि तथा वनसम्बन्धी ३ वटा गरी २७ वटा ऐनमा अध्यादेशमार्फत संशोधन गरेको छ । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र निजीकरण ऐन २०५० मा पनि केही समसामयिक विषय सम्बोधन गर्न र कार्यविधिगत स्पष्टता प्रदान गर्न केही प्रावधान संशोधन गरी अन्य दुई छुट्टाछुट्टै अध्यादेशसमेत जारी गरिएको छ । यसरी अध्यादेशमार्फत महत्वपूर्ण ऐनहरु संशोधन गरेसँगै सरकारले सार्वजनिक सेवा, आर्थिक क्षेत्रमा महत्वपूर्ण सुधार हुने र मुलुकमा सुशासन कायम हुने दाबी गरेको छ । तर सरकारको यो दाबीलाई आगामी दिनमा उसको व्यवहारले लागू गर्ला कि खण्डन गर्ला ? त्यो भने हेर्न बाँकी नै छ ।

सरकारको कार्यशैलीका विषयलाई लिएर विभिन्न खाले टीकाटिप्पणी भइरहेका छन् । दिनको संकेत बिहानीले गर्छ भनेझैं सर कारको शुरुवाती काम हेर्दा यसले जनतामा व्याप्त निराशालाई चिर्न नसकेको देखिन्छ । अहिले सरकार गठन भएको झन्डै ७ महिनापछि परिणाम देखाउनकै लागि अध्यादेशमार्फत कानुन संशोधन गरिएको बताइए तापनि ती संशोधित कानुनहरुले आम जनताको स्वास्थ्य, शिक्षा र बेरोजगारी समस्या समाधान गर्न भने सक्नेछैन । यसै गरी आम कृषकहरुको समस्या ज्यूँका त्यूँ हुनेछन् । श्रमिक, मजदुरहरुको समस्या पनि जस्ताको त्यस्तै रहनेछन् । त्यसैले अध्यादेश आयो भन्दैमा उत्साहित भइहाल्नुपर्ने अवस्था छैन ।

यद्यपि संशोधन भएका कानुनहरुको सफलतापूर्वक कार्यान्वयन गरेर सार्वजनिक सेवालाई प्रभावकारी बनाउन सकियो भने त्यसलाई केही हदसम्म सकारात्मक नै मान्नुपर्ने हुन्छ । संशोधित ऐनअनुसार सेवा प्रवाहमा थप सहजता ल्याउन नागरिक एपलाई प्रयोगमा ल्याउने कानुनी व्यवस्था गरिएको बताइएको छ भने सरकारको कार्यसम्पादनमा सरलीकरण गर्दै कुनै निर्णय गर्नुपर्ने अधिकारीले कानुनमा नै मिति तोकिएको भए सोही बमोजिम र अन्य सबै अवस्थामा बढीमा ७ दिनभित्र निर्णय गर्नुपर्ने व्यवस्था गरिएको र सो बमोजिम नगरे कारबाहीको व्यवस्था गरिने भएको छ ।

सार्वजनिक सेवा प्रवाहमा गरिएको यो प्रावधानको सशक्त कार्यान्वयन हुन सकेमा त्यसले राम्रो परिणाम दिन सक्ने विश्वास गर्न सकिन्छ । तर केही महत्वपूर्ण भनिएका कानुनहरु जारी भए पनि त्यसको कार्यान्वयनमा विभिन्न खाले चुनौती र जटिलताहरु देखिने निश्चितजस्तै छ । हामीकहाँ ऐन, नियम, कानुन र नीतिहरु प्रशस्त छन् तर तिनको कार्यान्वयन हुन नसक्दा समस्या हुँदै आएको हो । यिनै ऐन, कानुनको ठेलीमा सरकारले थप्ने गरी अध्यादेश ल्याएको हो । त्यसैले अध्यादेशले जनतामा खुशी र उमंग ल्याइहाल्छ भनेर भन्न सक्ने अवस्था छैन । मुख्य कुरा ल्याइएका नयाँ कानुनी व्यवस्थाको इमानदारितापूर्वक कार्यान्वयन हुन्छ कि हुन्न भन्नेमा आशंका व्यापक छ । कानुनका केही संशोधन सार्वजनिक सेवा प्रवाहमा केन्द्रित भए पनि केही चाहिँ व्यापारीहरु र स्वार्थ समूहको प्रभावमा परी ल्याएको हो कि भन्ने आशंका व्याप्त छ ।

सरकारले आगामी दिनमा त्यस प्रकारका आशंकाहरुलाई बल मिल्ने गरी काम गर्नुहुँदैन । विशेष गरी भूमि तथा वनसम्बन्धी ३ वटा ऐनमा गरिएको संशोधनले भूमाफिया र बिचौलियाहरुलाई नै टेवा पुग्ने त होइन भन्ने चिन्ता व्याप्त छ । यदि सरकारले भूमाफिया र बिचौलियालाई नै पोस्ने गरी सो ऐन संशोधन गरेको हो भने त्यसले सरकारमा रहने राजनीतिक दल र तिनका नेताहरुलाई भविष्यमा गम्भीर संकटमा पार्नेछ । वास्तविक सुकुम्बासीको पहिचान गरी उनीहरुलाई मात्रै केन्द्रित गरेर जग्गा दिने राम्रो मनसाय हो र सोही अनुसार ऐन कार्यान्वयनमा आयो भनेचाहिँ त्यो दल र नेताहरुका लागि ठूलो गौरवको विषय हुनेछ । आशा गरौं, वास्तविक सुकुम्बासी र पीडितहरु मात्रै सो ऐनबाट लाभान्वित हुनेछन् ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धिसम्बन्धी ११ ऐन संशोधन भएसँगै व्यापारिक क्षेत्र भने निकै उत्साहित बनेको छ । व्यापारिक क्षेत्रले धेरै वर्षपछि सरकारले आर्थिक क्षेत्र सुधारको पहलकदमी गरेको भन्दै सरकारको उच्च प्रशंसासमेत गरेको छ । तर यस्ता कानुनले व्यापारीहरुलाई मात्रै फाइदा दिने र त्यसको प्रतिफल मुलुक र सर्वसाधारण जनताले नपाउने हो भने व्यापारिक क्षेत्रलाई मात्रै उत्साहित बनाउनुको कुनै अर्थ छैन । व्यावसायिक वातावरण सुधार्दा त्यसको अनिवार्य सर्त रोजगार ीका अवसरहरुको सिर्जना गरिनुपर्छ । अन्यथा व्यापारीहरु मात्रै लाभान्वित हुने कुराले आम जनतालाई उत्साहको साटो मर्का र प्रताडित पार्ने निश्चित छ । तर अध्यादेशमा आर्थिक तथा व्यावसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धि गरिने विषयलाई जोडतोडले उठान गरिएको भए पनि रोजगारी सिर्जना गर्ने विषयलाई पूरै बेवास्ता गरिएकाले आम नागरिक तहमा उत्साहको वातावरण भने देखिँदैन ।

नेपालको संविधान २०७२ को राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा कृषि तथा भूमिसम्बन्धी नीतिमा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार लागू गर्ने, किसानको हकहित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने तथा कृषकको लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्नेलगायतका नीतिहरु उल्लेख गरिएको छ ।

यसै गरी नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई सुलभ र पहुँचयोग्य बनाउने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, नेपालको परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेदिक प्राकृतिक चिकित्सा र होमियोपेथिकलगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने, आधारभूत वस्तु तथा सेवामा सबै नागरिकलाई समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्नेलगायतका प्रावधानहरु संविधाननमा नै समेटिएको छ ।

यसै गरी संविधानमा समेटिएका नीतिहरुमा नागरिकलाई सेवा दिन सार्वजनिक सवारीलाई प्रोत्साहन गर्ने, सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, वैदेशिक रोजगारलाई शोषणमुक्त बनाउने, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्नेलगायत दर्जनौं नीतिहरु संविधानमा नै व्यवस्था गरिएको छ । तर ती नीतिहरुका बारेमा सरकारी निकाय बेखबरजस्तै छ । उसलाई संविधानले निर्दिष्ट गरेका नीतिहरुको कार्यान्वयन गर्नुपर्छ भन्ने हेक्का नै छैन । संविधानमा कति राम्रा प्रावधानहरु छन् । सरकारले नै रोजगारी सिर्जना गर्ने विषयलाई संविधानमा नै व्यवस्था गरिएको छ । तर आज, हिजो र अस्तिका कुनै पनि सरकारहरुले रोजगारी सिर्जना गर्ने विषयलाई प्राथमिकतामा राख्न सकेको देखिएन । हाम्रा गाउँघरहरु रित्तिन थालिसकेका छन् । दैनिक हजारौं युवायुवतीहरु विदेशिने क्रम बढ्दो छ । ठूलो काम गर्न भनेर अध्यादेश ल्याएको सरकारले नागरिकलाई हित गर्न राखिएका संविधानका महत्वपूर्ण प्रावधानका विषयलाई पनि उच्च प्राथमिकतामा राख्न जरुरी छ । संविधानमा भएका प्रावधानलाई कार्यान्वयन गर्न नसक्ने हो भने सरकारको के काम ? राजनीतिक दलको के काम ? यस्तै प्रश्नहरु करोडौं जनताको मुखबाट आउने अवस्था सिर्जना हुँदै गयो भने हालका दल र तिनका नेताहरुको अवस्था के होला ? यो विषयमा ठण्डा दिमागले घोत्लिन जरुरी छ ।

सरकारले विभिन्न कानुनमा संशोधन गर्न भन्दै अध्यादेश ल्याएको भए पनि हाम्रा जनताका पक्षमा रहेका विद्यमान ऐन, कानुन र नीति-नियमहरु नै कार्यान्वयन नभएर निष्क्रिय अवस्थामा छन् । भएका ऐन, नियम र नीतिको कार्यान्वयन गर्न नसक्ने सरकारी निकायले नयाँ-नयाँ ऐन-कानुन संशोधन गर्दैमा ती कानुनहरुको प्रभावकारी कार्यान्वयन होला भनेर विश्वास गर्न पनि सकिँदैन । फेरि ती ऐन-नियम कार्यान्वयन गर्ने भनेको अहिलेकै राजनीतिक र प्रशासनिक संयन्त्रले हो ।

यो संयन्त्र यति धेरै अनैतिक र भ्रष्ट छ कि उसले आफ्नो स्वार्थबाहेक सामूहिक तथा देश र जनताको हितमा हुने काममा ध्यान नै दिँदैन । कसरी हुन्छ आफ्नै दुनो सोझ्याउनेमा उनीहरु लिप्त छन् । त्यसैले यस्ता ऐन, कानुनहरुको अक्षरश: कार्यान्वयन भई जनतालाई प्रतिफल दिलाउन त सरकारी निकायमा रहनेहरु नैतिकवान्, पारदर्शी र इमानदार बन्न जरुरी छ ।

जस्तासुकै अध्यादेश र कानुन ल्याए पनि आम जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र बेरोजगारी समस्या समाधान गर्न नसक्दासम्म अनि किसान, श्रमिक र मजदुर हरुको चहऱ्याइरहेको घाउमा मलहम लगाउन नसक्दासम्म सरकारका अन्य प्रयासहरुले जनताको मन जित्न नसक्ने पक्का छ । त्यसैले सरकारमा रहनेहरुले यस्ता विषयमा पनि गम्भीरतापूर्वक ध्यान दिनु जरुरी छ । साथै नागरिकका त्यस्ता समस्याहरु समाधान गर्न तत्काल नयाँ ऐन, नीति, योजना र कार्यक्रम ल्याउनुपर्छ । अन्यथा यस प्रकारको अध्यादेशले जनताका वास्तविक समस्याहरु समाधान गर्न सक्दैन र जनतामा खुशी, उत्साह र उमंग ल्याउन पनि सक्दैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# महालेखालाई बेरुजु सम्परीक्षणको भार : खुम्चियो संसद्को अधिकार



काठमाडौं /महालेखा परीक्षकको कार्यालयले सर्तसहित बेरुजु सम्परीक्षण गर्ने अधिकार पाएसँगै सार्वजनिक लेखा समितिका सदस्यहरूबीच चिन्ता छाएको छ, 'सरकारले समितिको अधिकार खुम्च्याउने काम त गरेन ?'

सरकारले २६ पुसमा ल्याएको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तदरदायित्व ऐन २०७६ लाई संशोधन गर्ने गरी अध्यादेश २०८१' का केही व्यवस्थाले सांसदहरूको चिन्ता बढाएको हो ।

प्रचलित ऐनअनुसार महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएको बेरुजुको सम्परीक्षण गर्ने अधिकार प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिलाई छ । तर, सरकारले ल्याएको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तदरदायित्व ऐन २०७६ लाई संशोधन गर्ने गरी अध्यादेश २०८१' ले लेखा समितिको यो अधिकार खुम्च्याइदिएको छ ।

प्रचलित ऐनको दफा ४० मा महालेखाको क्षेत्राधिकारसँग सम्बन्धित व्यवस्था छ । दफा ४० को दफा शीर्षकमा महालेखाको अधिकारबारे भनिएको छ- बेरुजु फछ्र्यौट तथा फरफारक । यसलाई बदलेर अध्यादेशले दफा शीर्षकमा संशोधन गरेको छ । 'मूल ऐनको दफा ४० को दफा शीर्षकमा रहेका 'बेरुजु फछ्र्यौट तथा फरफारक' भन्ने शब्दहरूको सट्टा 'बेरुजु फछ्र्यौट, सम्परीक्षण तथा फरफारक' भन्ने शब्दहरू राखिएका छन्,' अध्यादेशको दफा १७ मा भनिएको छ ।

महालेखालाई सम्परीक्षणको अधिकार दिएपछि त्यसलाई सहज हुने गरी प्रचलित ऐनको दफा ४१ मा पनि संशोधन गरिएको छ । प्रचलित ऐनको दफा ४१ मा महालेखा परीक्षकको कार्यालयले वार्षिक प्रतिवेदनमा बेरुजु औंल्याएपछि त्यसको सम्परीक्षण प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले गर्ने उल्लेख छ । यसअनुसार बेरुजु औंल्याएपछि त्यसको फछ्र्यौट हुनका लागि सार्वजनिक लेखा समितिको निर्णय अनिवार्य हुन्छ ।

'प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रतिनिधिसभामा पेश गरेको सुझाव प्रतिनिधिसभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखा परीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ,' प्रचलित ऐनको दफा २ मा छ ।

प्रचलित व्यवस्थाअनुसार महालेखा परीक्षकको कार्यालयले बेरुजु औंल्याएर वार्षिक प्रतिवेदन तयार पारिसकेपछि महालेखाले आफैं त्यसउपर निर्णय गर्न पाउँदैनथ्यो । यसलाई बदलेर अध्यादेशले सार्वजनिक लेखा समितिको बैठकमा छलफल चलिरहेको बेलामा समेत महालेखाले सम्परीक्षण गरेर त्यसको जानकारी सार्वजनिक लेखा समितिलाई दिन सक्ने व्यवस्था गरेको हो । यससम्बन्धी व्यवस्था अध्यादेशको दफा १७ को उपदफा ३ मा छ ।

जहाँ भनिएको छ, 'असुल गर्नुपर्ने भनी औंल्याइएको बेरुजु र कम असुल भई प्रमण पेश भएको, आवश्यक कागज प्रमाण पेश गर्नुपर्नेमा सो पेश भई आएको वा पेश्की रकम फर्स्योट भई प्रमाण पेश हुन आएको बेरुजु रकम सम्परीक्षणको लागि अधिकारप्राप्त अधिकारीबाट अनुरोध भई आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्नेछ । त्यसरी लगत कट्टा भएको जानकारी सात दिनभित्र सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्नेछ ।'

अर्थात, अध्यादेशले महालेखाले बेरुजु औंल्याएपछि संसद्को सार्वजनिक लेखा समितिले सम्परीक्षण गरेर तयार पारेको प्रतिवेदन प्रतिनिधिसभाबाट स्वीकृत भएपछि मात्रै बेरुजु फछ्र्यौट प्रक्रिया अगाडि बढ्ने र त्यसको लगत कट्टा हुने प्रचलित व्यवस्थालाई बदलेको छ । बरु, लेखा समितिमा छलफल चलिरहेको समयमा समेत महालेखा परीक्षकको कार्यालयले सम्परीक्षणको अधिकार प्रयोग गरेर त्यसको जानकारी सार्वजनिक लेखा समितिलाई दिनुपर्छ ।

प्रचलित ऐनले बेरुजु फछ्र्यौटसम्बन्धी सार्वजनिक लेखा समितिको प्रतिवेदन प्रतिनिधिसभाबाट स्वीकृत भएपछि त्यसको जानकारी महालेखालाई दिनुपर्ने भनेको छ । यसमा संशोधन गरेर अध्यादेशले महालेखाले नै सम्परीक्षण गर्न सक्ने र त्यसको जानकारी सार्वजनिक लेखा समितिलाई दिने र लगत कट्टा गर्दिन सक्ने व्यवस्था गरेको हो । अध्यादेशको यस्तो व्यवस्थाले नीतिगत भ्रष्टाचारलाई बढावा दिने भनेर सत्तारुढ दलकै नेताहरूबाट विरोध भएको छ ।

नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतम जुन निकायले बेरुजु औंल्याउँछ त्यसैले फछ्र्यौट गर्ने गरी अधिकार पाउनु उचित नरहेको बताउँछन् । अध्यादेशले एकातिर सार्वजनिक लेखा समितिको अधिकार कटौती गरेको र अर्कोतिर एउटै निकायलाई बेरुजु औंल्याउने र सम्परीक्षणको अधिकार दिने कानुनी व्यवस्थाले नीतिगत भ्रष्टाचारलाई सहयोग पुऱ्याउने उनको बुझाइ छ ।

'अध्यादेशले सार्वजनिक लेखा समितिको अधिकार नै कटौती गरेको छ । सम्परीक्षणको अधिकार बारे बोलिएकाले त्यसउपर सिरियस हुनुपर्ने देखिन्छ,' गौतमले सार्वजनिक लेखा समितिको बैठकमै भने । यसले नीतिगत भ्रष्टाचारलाई बढावा दिने उनको चेतावनी छ । सांसद गौतम भन्छन्, 'हामी सिरियस भएनौं भने अध्यादेशले दीर्घकालीन रूपमा असर पार्नेछ र नीतिगत भ्रष्टाचारलाई बढावा दिनेछ ।'

नेपालको सबैभन्दा ठूलो समस्या नीतिगत भ्रष्टाचार रहेको बुझ्न आवश्यक रहेको उनलाई लाग्छ । त्यसैले फेरि पनि नीतिगत भ्रष्टाचारलाई नै बढावा दिने गरी ऐन बनाउन नहुने उनको विचार छ । बैठकमै उनले भने, 'नीतिगत भ्रष्टाचार नियन्त्रण गर्न सकेको भए आज मुलुक यो दलदल र यो निराशामा फस्ने थिएन । आम जनतामा ठूलो निराशा छ । त्यो ग्राउन्ड रियालिटीलाई हामीले इग्नोर गर्न हुँदैन ।' महालेखाले सम्परीक्षण गर्न पाउनेसहितको 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तदरदायित्व ऐन २०७६ लाई संशोधन गर्ने गरी अध्यादेश' अब संसद्मा पेस हुनेछ । अधिवेशन सुरु भएको पहिलो दिन संसद्मा अध्यादेश पेस गर्नुपर्ने र त्यसको ६० दिनभित्र अध्यादेश प्रतिस्थापन विधेयक ल्याएर पास गर्नुपर्ने व्यवस्था छ ।

अध्यादेश संसद्मा पेश भएपछि यो विषयमा थप छलफल गरिने सांसदहरू बताउँछन् । महालेखाले विगतदेखि नै सम्परीक्षण समेतको अधिकार माग्दै आएको थियो । सम्परीक्षण लेखापरीक्षणकै अंग भएकाले सम्परीक्षण गर्ने अधिकार पाउनुपर्ने महालेखाको तर्क छ ।

तर, महालेखाले वार्षिक प्रतिवेदन टुंग्याएर राष्ट्रपतिलाई बुझाई प्रक्रिया बमोजिम संसद्मा पुगेपछि फेरि महालेखाले नै सम्परीक्षण गर्न पाउनुपर्ने दाबी कानुनसम्मत नरहेको कतिपयले बताउँदै आएका छन् । यही बेला सरकारले महालेखाकै माग अनुसार अध्यादेश जारी गरेको हो ।

संसद् सचिवालयका पूर्वसचिव सोमबहादुर थापा सार्वजनिक लेखा समितिको आवश्यकता र औचित्यतता ख्याल गर्न सुझाउँछन् । अर्थ मन्त्रालयले बजेट प्रस्ताव गर्ने, संसद्ले पास गर्ने, कार्यपालिकाले कार्यान्वयन गर्ने र राज्यको कोषको खर्च सही ढंगले भए नभएको हेर्ने अधिकार महालेखा परीक्षकको कार्यालयलाई छ ।

उनका अनुसार संसद्ले पास गरेको बजेटको कार्यान्वयन कुन ढंगले भएको छ भनेर अनुगमन गर्ने दायित्वअन्तर्गत संसद्को सार्वजनिक लेखा समितिलाई महालेखाको प्रतिवेदनले औंल्याएका बेरुजुको सम्परीक्षणको अधिकार दिइएको हो ।

तर, सरकार सार्वजनिक लेखा समितिको महत्व, सम्परीक्षणको औचित्यतताभन्दा अन्यत्रै मोडिएकाले समस्या भएको उनको टिप्पणी छ । पूर्वसचिव थापा भन्छन्, 'मुख्य दोष सरकारको छ । महालेखा परीक्षक र सार्वजनिक लेखा समितिले दिएका सुझाव र निर्देशन लागू गरे समस्या आउँदैन । तर, सरकार नै लोकतान्त्रिक भएन । यसकारण हामी अनावश्यक समस्यातिर मोडिइरहेका छौं । अध्यादेश यसकै उदाहरण हो ।'

सम्परीक्षणबारे महालेखाले उठाएको बेरुजु उसैले सम्परीक्षण गर्न नहुने र सार्वजनिक लेखा समितिबाट सम्परीक्षण गर्दा समेत प्रश्नहरू रहने गरेको दुई थरी बुझाई विद्यमान रहेका उनले बताए । यस्तो बुझाइ हो भने समाधानका लागि सम्बन्धित पक्षसँग छलफल गरेर समाधान खोज्नुपर्नेमा त्यसो नगरी अध्यादेश ल्याउनु गलत रहेको उनले बताए । 'महालेखामा समस्या छ भने त्यसको समाधान गर्नुपर्यो । सार्वजनिक लेखा समितिमा समस्या छ भने त्यसमा सुधार गर्नुपर्यो,' उनी थप्छन्, 'समस्याको पहिचान नै नगरी, स्टेकहोल्डरसँग छलफल नै नगरी ल्याउनुले पनि अध्यादेश उपयुक्त देखिँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# लोकप्रिय बन्दै 'होस्टेल ३'को 'टिक टिक टिक' गीत



काठमाडौं /आगामी फागुन २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'होस्टेल ३'को ६ दिनअघि सार्वजनिक 'टिक टिक टिक' गीत युवापुस्तामाझ लोकप्रिय बन्दै गएको छ । रिलिजको केही घण्टादेखि नै युट्युबमा ट्रेन्डिङ यात्रा सुरु गरेको गीतलाई अन्य सोसल मिडियामा पनि निकै रुचाइएको छ । युट्युबमा १० लाख भ्यूज नजिक रहेको यो गीत यतिबेला ट्रेन्डिङ नम्बर १० मा स्ट्रिमिङ छ ।

नेपालमा मात्र नभइ विदेशमा समेत युट्युबको ट्रेन्डिङमा गीत परेको छ । कतारमा नवौं, युएईमा पच्चीसौं र कुवेतमा एक्काइसौं स्थानमा रहेको गीतमा हजार टिकटक र रिल्स बनेका छन् । विशेषत: गीतको मुखडा 'टिक टिक टिक, जाने समयसँग सिक साथी, ठिक ठिक ठिक, एक दिन हुन्छ सबै ठिक' टिकटक र रिल्समा चर्चित बनेको छ ।

प्रवीण सिंहको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू पारस बम (कुल ब्वाई), रिहान गिरि, आशिष घिमिरे, पदम तामाङ, सिम्रन पन्त, हेना नगरकोटी, समा पराजुली लगायत चित्रित छन् । गीतमा अलमोडा राणा उप्रेतीको शब्द रचना, सङ्गीत तथा पार्श्व गायन छ । यसमा अलमोडासँगै सन्तोष राणाले र्‍याप भोकल दिएका छन् ।

गायक समेत रहेका सशान कँडेलको निर्देशन रहेको फिल्ममा माधव शर्माको पटकथा तथा संवाद लेखन छ । क्याम्पस जीवनका सैर्ष, मित्रता, र रमाइलो क्षणको कथामा बनेको फिल्ममा अर्जुन तिवारी डिओपी तथा बुद्ध थापा र मनोज खत्री सिनेमाटोग्राफर रहेको छ । फिल्मको निर्मातामा सुरेश कँडेल, कर्ण कार्की र गोविन्द अधिकारी छन् भने कार्यकारी निर्माता शङ्कर कोइराला हुन् ।

# 'कुस्ती'मा भित्रिइन् 'स्प्लिट्सभिल्ला'की दिकिला




काठमाडौं /अनिल योञ्जनको निर्देशनमा बन्न लागेको फिल्म 'कुस्ती'मा कलाकारको लाइनअप रोचक बनिरहेको छ । मुख्य भूमिकामा अभिनेता धीरज मगर र अभिनेत्री मिरुना मगर निश्चित भइसकेको अवस्थामा भारतीय रियालिटी शो 'स्प्लिट्सभिल्ला' सिजन ५ बाट चिनिएकी दिकिला शेर्पाको पनि फिल्ममा प्रवेश भएको छ । यसै साता फिल्म सम्झौता गरेर उनले कार्यशाला पनि ज्वाइन गरिसकेकी छन् ।

फिल्ममा दिकिलाको भूमिका महत्वपूर्ण हुने निर्देशक योञ्जनले बताए । उनले भने, 'हामीलाई एउटा फ्रेस अनुहार चाहिएको थियो । दिक्लिालाई भूमिका सुहाउँदो भएपछि अफर गर्‍यौं । उहाँलाई पनि चरित्र मनपर्‍यो र सम्झौता गरेर अहिले वर्कसपमा हुनुहुन्छ ।' फिल्मको पात्रका लागि दिकिलाको 'स्क्रिन टेस्ट' गरेपछि उनलाई छनोट गरिएको निर्देशक योञ्जनले बताए ।

दिकिला फिल्मलाई लिएर उत्साहित देखिएकी छन् । भन्छिन्, 'यो मेरो पहिलो फिल्म भएकाले पनि उत्साहित छु । सुहाउँदो चरित्र, सिनियर कलाकार, भद्र र सालिन टिमले मलाई अभिनेत्री बन्न प्रेरित गर्‍यो । चरित्रलाई न्याय गर्न म सक्दो मिहिनेत गर्नेछु ।' उनले यसअघि फिल्म 'माइतीघर' पनि सम्झौता गरिसकेकी छन् । तर, सुरुमा उनले 'कुस्ती' गर्नेछिन् ।

आगामी फागुनबाट छायांकन सुरु हुन लागेको फिल्मले एकअर्कालाई अगाध माया गर्ने तथा अलग स्वभावका कारण एकसाथ बस्न पनि नसक्ने एउटा जोडीको प्रेमकथा भन्नेछ । बुद्धि तामाङको निर्माण रहने फिल्म अर्को वर्ष अर्थात् २०८२ को भदौमा रिलिज हुने जनाइएको छ । बुद्धिले पहिलोपटक फिल्म निर्माण गर्न लागेका हुन् । यसमा उनको पनि विशेष भूमिका रहने जानकारी प्राप्त छ ।

## आईसीसी यू-१९ महिला टी-२० विश्वकप :

# सुपर सिक्सबाट वञ्चित नेपालको अस्ट्रेलियासँग सराहनीय प्रदर्शन

काठमाडौं/आईसीसी यू-१९ महिला टी२० विश्वकपमा पहिलोपटक सहभागी भएको नेपालले आफ्नो समूहका सबै तीनवटै खेलमा हार व्होर्‍यो । बुधबार अस्ट्रेलियासँगको खेलमा पराजित भएसँगै नेपालको सुपर सिक्स सम्भावना समाप्त भइसकेको छ । यद्यपी यस खेलमा नेपालले सोचेभन्दा राम्रो प्रदर्शन गर्‍यो जुन सराहनीय छ ।

टस हारेपछि पहिले बलिङ गरेको नेपालले अस्ट्रेलियाको सुरूवाती ३ विकेट ३ ओभरभित्रै लिएर दबाब सिर्जना गरेको थियो । त्यसपछि अस्ट्रेलियाले राम्रो साझेदारी बनाउँदै खेलमा राम्रो योगफल खडा गरेको थियो । १४० रनको लक्ष्य पछ्याएको नेपालले जित निकाल्न नसके पनि पूरा २० ओभर भने खेल्यो । नेपालले ८ विकेट गुमाएर ५६ रन बनाएको थियो । कप्तान पूजाले ४२ बलको सामना गरी १८ रन बनाइन् । अन्य ब्याटरहरूले पनि खेल जित्ने सम्भावना कम बन्दै गएपछि क्रिजमा टिक्नेतर्फ बढी ध्यान दिएका थिए ।

अघिल्ला दुई खेलमा कमजोर देखिएको नेपालको ब्याटिङ र फिल्डिङ पनि धेरै हदसम्म सुधारिएको देखियो । जसमा कप्तान पुजाकै भूमिका सबैभन्दा शानदार रह्यो । अस्ट्रेलियालाई सुरूवातमै दबाबमा राख्ने क्रममा नेपालकी कप्तान पूजा महतोले आफ्नो दुई ओभरमै ३ ब्याटरलाई आउट गरेकी थिइन् । जसमध्ये दुईवटा विकेटको श्रेय फिल्डर साबित्री धामीलाई पनि उतिकै जान्छ । साबित्रीले डाइभ गरेर दुईवटा शानदार क्याच लिँदै दुई विस्फोटक ब्याटरलाई आउट गर्नमा भूमिका खेलिन् । ब्याटिङमा पनि खेलाडीहरू सम्हालिएको प्रदर्शन गर्दै क्रिजमा टिकिरहेका थिए भने बेलाबखत बाउन्ड्रीका साथै राम्रो शटहरू निकालिरहेका थिए । बलिङमा अस्ट्रेलियाको ६ विकेट निकाल्न सफल भयो । पुजाले ३ तथा सिमाना केसीले २ विकेट लिँदा रिया शर्माले १ विकेट हात पारिन् ।

कप्तान पुजा महतोले बलिङमा ३ विकेट र ब्याटिङबाट १८ रन तथा एउटा शानदार क्याच पनि लिएकी थिइन् । कप्तान पुजाले कप्तानी प्रदर्शन गर्दा नेपाल भने अगाडि बढ्न सकेन ।

**यस्तो रह्यो नेपालको यात्रा**

नेपालले पहिलो खेलमा बंगलादेशसँग ५ विकेटको हार व्यहोरेको थियो । टस हारेपछि पहिले ब्याटिङ गरेको नेपालले २० ओभर नखेली ५२ रनमा अलआउट हुँदै बंगलादेशलाई ५३ रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्य बंगलादेशले ५ विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालले सुरूवातमा विकेट लिएपनि त्यसपछि बंगलादेशको साझेदारी तोड्न सकेन ।

त्यस्तै दोस्रो खेलमा नेपाल जितको एकदम नजिक पुगेर पराजित भयो । नेपालले टस जितेर पहिले ब्याटिङ गर्दै १९औं ओभरमा ७३ रनमा अलआउट भएर ७४ रनको लक्ष्य दिएको थियो । यस खेलमा पनि स्कटल्याण्डको सुरूवाती ३ विकेट ११ रनमा प्राप्त गरेको नेपालले त्यसपछि केही अन्तरालमा विकेट निकालिरहे पनि अन्तिम विकेट भने लिन नसक्दा १ विकेटको हार व्यहोरेको थियो ।

तेस्रो खेलमा अस्ट्रेलियासँग बलिङमा शानदार सुरूवात गरेपनि मिडल ओभरमा विकेट निकाल्न नसक्दा नेपालले बलियो लक्ष्य पाएको थियो जसलाई पूरा गर्न सकेन । कुनै पनि खेलमा जित निकाल्न नसकेपछि नेपाल समूह डी को पुछारमा रहँदै अघिल्लो चरणमा पुग्न असमर्थ रह्रुयो । नेपालले अब समूह ए को पुछारमा रहेको मलेसियासँग प्लेअफ खेल्नेछ । नेपालभन्दा कमजोर देखिएको मलेसिया पनि जितविहीन रहेकाले नेपाललाई सान्त्वना जितका साथ घर फर्कने मौका हुनेछ ।

**खेलाडीहरूको प्रदर्शन कस्तो ?**

नेपालका लागि समूह चरणमा कप्तान पुजा महतोले ब्याटिङ, बलिङ र फिल्डिङ तीनवटै क्षेत्रमा राम्रो गरिन् । उनले समूह चरणका खेलहरू सकिँदासम्म नेपालका लागि सर्वाधिक रन बनाउँदा ३ खेलमा कुल ४७ रन बनाइन् । त्यसपछि सना प्रवीनको नाममा ३ खेलमा कुल २८ रन रह्रुयो भने साबित्री धामीले १८, सिमाना केसीले १७ तथा अलिशा यादवले १६ रन बनाइन् । अन्यको ब्याटबाट दोहोरो अंकमा रन बन्न सकेन ।

# डेब्यु वर्षमै नीतिको हातमा फिल्मै फिल्म



काठमाडौं /अभिनेत्री नीति शाहलाई फिल्ममा डेब्यु गर्न ठूलै सकस पर्‍यो । नाम चलेका केही स्टारसँग जोडी बाँध्ने गरी सम्झौता गरेका चारवटा फिल्म नबनेपछि उनी अन्योलमा थिइन् । कतिपयले 'अनलक्की' समेत भन्न भ्याए । अन्तत: उनले फिल्म 'खबुरे ब्रो'बाट अभिनेत्रीको परिचय थपिन् । तर, उनलाई पहिलो गाँसमै ढुंगा लाग्यो । न फिल्म चलिदियो न अभिनयमा नीतिले आफ्नो प्रभाव छाड्न सकिन् ।

डेब्यु फिल्म नचलेपछि धेरैलाई लागेको थियो, अब नीतिलाई फिल्मलाई लिन मेकरहरु हच्किनेछन् । तर, यतिबेला ठीक विपरित भइरहेको छ । उनलाई फिल्म अफरको ओइरो लागेको देखिन्छ । गत बैशाखमा प्रदर्शनमा आएको 'खबुरे ब्रो'पछि उनले ६ वटा फिल्म सम्झौता गरिसकेकी छन् । सम्भवत: यस वर्ष सबैभन्दा धेरै फिल्म सम्झौता गर्ने अभिनेत्री नै उनै हुन् ।

'खबुरे ब्रो'पछि उनले फिल्म 'ज्वाइँ साब'मा काम गरिन्, जुन दशैंमा रिलिज भइसकेको छ । यो फिल्म नगर्दै उनले 'रुखान' सम्झौता गरिसकेकी थिइन् । यसको निर्माण भने अन्योल छ । भर्खरै फिल्म 'नरसिंहा अवतार'मा आफ्नो भागको छायांकन सकाएकी उनी अब 'मोहर'मा काम गर्ने तयारीमा छिन् । उनले 'अज्ञात' फिल्म पनि सम्झौता गरेर बसेकी छन् ।

यसैबीच, नीति हालै 'पूर्ण बहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेलको नयाँ फिल्म 'कोशेढुंगा'मा अनुबन्धित भएकी छन् । यसरी हेर्दा फिल्म चलोस् या नचलोस् वा अभिनयकै आलोचना किन नहोस्, नीतिलाई कुनै असर गरेको देखिँदैन । उनीप्रति मेकरहरुको आकर्षण घटेको छैन, बरु बढेको छ । मात्र नीतिले मार खाइरहेको अभिनयमा हो । यसमा भने उनी गम्भीर हुनुपर्ने देखिएको छ ।

# 'उजेली २' बनाउने योजनामा दीपेन्द्र

काठमाडौं /नेपाली फिल्म क्षेत्रको 'क्लासिक' डकुड्रामा मानिन्छ, 'उजेली' । ३२ वर्षअघि प्रशारणमा आएको एक घन्टा लम्बाईको यो डकुड्रामा नहेर्ने सायदै नेपाली होलान् । अहिले पनि यसका दृश्य र संवाद उतिक्कै जीवन्त लाग्छन् । तत्कालीन समयमा संसार भरका २६ टेलिभिजन स्टेसनमा देखाइएको 'उजेली'का केही क्लिप्स करिब ७ वर्ष अगाडि सामाजिक सञ्जालमा निकै भाइरल भएको थियो ।

तर, धेरैलाई 'उजेली'का निर्देशकको बारेमा भने थाहा नहुन सक्छ । दीपेन्द्र गौचनले यसको निर्देशन गरेका थिए । चर्चित कार्टुन 'मुमिन'लाई नेपाली भाषामा डब गर्ने पनि उनै हुन् । उनले कुष्ठरोगसम्बन्धी बनाएको चेतनामुलक डकुड्रामा 'ओख्हो' पनि चर्चित मानिन्छ । उनै दीपेन्द्रले पहिलो पटक फिचर फिल्म निर्देशन गरेका छन्, 'मिसिङ: केटी हराएको सूचना' ।

लामो समय कम्बोडिया बसेर फिल्म बनाउने योजनासहित २२ वर्षपछि नेपाल आएका दीपेन्द्रलाई धेरैले 'उजेली २' शीर्षकमा फिल्म बनाउन सुझाव दिएका थिए । तर, उनलाई फरक कथा भन्ने हुटहुटी थियो । यसैले जन्मियो, 'केटी हराएको सूचना' । यसमा उनले मधेशी युवक र पहाडी युवतीको कथा भनेका छन् । उनी 'उजेली २' शीर्षकमा पनि फिल्म बनाउने योजनामा भने छन् ।

मंगलबार पत्रकार भेटघाटमा दीपेन्द्रले भने, 'मलाई धेरैले गाउँको परिवेशमा 'उजेली २' बनाउन सुझाव दिएका थिए । तर, गाउँको परिवेशमा धेरै फिल्म बनेको देखेपछि त्यसलाई किन दोहोर्‍याउने भनेर केही नयाँ प्रयास गर्न यो फिल्म बनाएँ । म 'उजेली २' पनि बनाउँछु । तर, त्यो अलि पछि बनाउँछु । अहिले म केही नौलो र अनौठो चिज बनाउन चाहन्छु ।'

दीपेन्द्रलाई 'उजेली'बाट बनाएको साख 'केटी हराएको सूचना'बाट जोगाउनुपर्ने ठूलो चुनौती छ । यो उनले पनि महसुस गरेका छन् । भन्छन्, 'कुनै पनि व्यक्तिलाई एउटा चिजमा ठूलो सफलता मिल्यो भने ऊप्रति एकदमै धेरै अपेक्षा बढ्छ । यसैले त्यो अपेक्षा पूरा गर्न सक्छु कि सक्दिनँ भन्ने चाहिँ लागेको छ । यद्यपि, मैले के गर्न खोजेको हुँ भन्नेमा स्पष्ट छु । यसैले त्यति डर पनि लागेको छैन ।'

दीपेन्द्रले कम्बोडियामा हुँदा नयाँ कन्सेप्टमा एउटा सर्ट फिल्म बनाएका थिए । त्यसले थुप्रै अवार्ड जित्यो । उनले त्यही कथामा 'केटी हराएको सूचना' बनाएका हुन् । 'यहाँ आउँदा त्यही कथा नेपाली परिवेशमा सुहाउँदो हुने पाएँ । मधेस र पहाडको कथा देखाउँदा राम्रो हुन्छ भन्ने भएपछि कथा लेखेँ,' उनी भन्छन् । उनलाई स्क्रिप्ट फाइनल गर्न झन्डै तीन महिना लागेको थियो ।

दीपेन्द्र 'केटी हराएको सूचना'लाई महिला केन्द्रित फिल्म मान्छन् । उनलाई लाग्छ, फिल्ममा मुख्य पात्र को भनेर दर्शकले छुट्याउनै सक्दैनन् । 'नाजिर हुसेन र सृष्टि श्रेष्ठ दुवैको भूमिका बराबरी छ ।बराबरी हुनु भनेको महिलालाई प्राथमिकता दिनु हो । महिलालाई हिरोनी बनाएर कालीदेवी जस्तो अतिरिञ्जित पनि गर्नु हुँदैन भन्ने लाग्छ । म चाहिँ नेचुरल किसिमले होस् भन्ने चाहन्छु,' उनी भन्छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# प्रथम रामनगर सोनाम ल्होछार महोत्सव २०८१ आयोजना हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१७ रामनगरमा पहिलोपटक सोनाम ल्होछार महोत्सव लाग्ने भएको छ ।

'राष्ट्रको शान, धर्म र संस्कृति हाम्रो पहिचान' भन्ने मुख्य नाराकासाथ प्रथम रामनगर सोनाम ल्होछार महोत्सव २०८१ आयोजना गर्न लागिएको हो । माघ १४ गतेदेखि २० गतेसम्म रामनगरस्थित खेलमैदानमा संचालन गरिने महोत्वसको जीतपुरसिमरा उपमहानगरप्रमुख राजन पौडेलले उद्घाटन गर्नेछन् । विशेषगरी २८६१ औं ल्होसार पर्वको अवसरमा स्थानीय नेपाल तामाङ् घेदुङ वडा कार्यसमिति, सम्तेङ लिङ गुम्बा र रामनगर युथ क्लबले महोत्वसको आयोना गर्न लागेका महोत्वसका संयोजक समेत रहेका रामनगर युथ क्लबका अध्यक्ष साजन दोर्जेले जानकारी दिए ।

महोत्सवको व्यवस्थापनमा लालिगुराँस क्रियशन मिडिया प्रालि, मिडिया पार्टनरमा साझेदारी राष्ट्रिय दैनिक पत्रिका रहेको छन भने संरक्षकमा जीतपुसिमरा उपमहानगरको कार्यालय र वडा नम्बर १७ को वडाकार्यालय रहेको संयोजक दोर्जेले बताएका छन् ।

महोत्सवको आकर्षणमा तामाङ जातिको परम्परागत झाँकी, विभिन्न व्यापारिक स्टल मनोरन्जका लागि विभिन्न खेलतमासा, बालउद्यान, विभिन्न खानाका परिकार, तामाङ फुड राखिने आयोजक कमिटीका कमल थिङले बताए । ग्रामीणक्षेत्रमा आयोजन हुने यस्तो महोत्सवले कला, संस्कृति र परम्परालाई जोगाईराख्ने र स्थानीयस्तरका पहिचान तथा गौरब बढाउन मद्दत पुग्ने जीतपुरसिमरा उपमहानगर-१७ का वडाअध्यक्ष भीमबहादुर गतानेको भनाई छ ।

महोत्सवमा हरेक दिन तामाङ कलाकारको साथमा राष्ट्रिय तथा स्थानीय कलाकारको गायन एवम् नृत्य प्रस्तुति रहने मिडिया पार्टनर साझेदारी राष्ट्रिय दैनिकका सम्पादक सन्तोष पाण्डेले जानकारी गराएका छन् । महोत्वसमा विशेषगरी मोडल तथा गायक दुर्गेश थापा, ज्योति मगर, उर्गेन दोंङ, मोडल तथा भोजपुरीनायिक प्रिति पासवान, गायक विशाल काल्तान, लोकेन लामा, चर्चित गायिका समिक्षा अधिकारी, जीतु लोप्चन, अनु चौधरी, एलिना चौहान, विन्दु परियार, भोजपुरी चर्चित गायक सुनिल पण्डित, चर्चित गायिका प्रिति आले, सोनु कस्मीलगायतको नृत्य तथा प्रस्तुति रहने सम्पादक पाण्डेले बताएका छन् ।

# घरजग्गा व्यवसायीबाट अध्यादेशको स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/सरकारले ल्याएको अध्यादेशलाई नेपाल जग्गा तथा आवास विकास महासंघले स्वागत गरेको छ । सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि गर्न भन्दै एकसाथ दर्जन कानुन संशोधन गरेको छ ।

बुधवार पत्रकार सम्मेलन गर्दै महासंघले भूमिसम्बन्धी अध्यादेश निकै सकारात्मक रहेको भन्दै घरजग्गा व्यवसायीले स्वागत गरेका हो । सरकारको यो सुधारले घरजग्गा व्यवसायीलाई मात्रै नभएर समग्र निजीक्षेत्रलाई उत्साहित बनाएको प्रतिक्रिया दिएका छन् । महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरेले सरकारले ल्याएको अध्यादेश स्वागतयोग्य रहेको बताए । उनले सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेश निकै सकारात्मक रहेको उल्लेख गरे । हाउजिङमा विदेशी लगानी भित्राउन आवश्यक रहेको उनको भनाई छ । उनले जग्गाको कारोबार विद्युतीय माध्यमबाट गर्न सरकारलाई सुझाव दिए ।

अध्यक्ष घिमिरेले जग्गाको मूल्य र कर्जा धितोको अनुपातका साथ आवास खरिदका लागि आम्दानीको स्रोत खुलाउनुपर्ने हालको व्यवस्थालाई नेपाल राष्ट्र बैंक्ले लचकता अपनाएर पुनरावलोकन गर्न आग्रह गरे । उनले सरकारले घरजग्गामा लाग्दै आएको हदबन्दीमा सुधार स्वागतयोग्य गरेको बताए । उनले घरजग्गाको कारोबार राष्ट्र बैंकका कारण बढ्न नसकेको आरोप लगाए । उनले सरकारले घरजग्गा कारोबारमा ल्याण्डपुलिङ र हाउस पुलिङमा निजीक्षेत्रलाई सहभागिता गराउन आवश्यक रहेको बताए ।

# कांग्रेस बागमती सभापति बानियाँ र राजदूत डा. शर्माबीच भेटवार्ता



साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/नेपाली कांग्रेसको बागमती प्रदेशका सभापति तथा पूर्वगृह राज्यमन्त्री इन्द्रबहादुर बानियाँले भारतका लागि नेपाली राजदूत डा. शंकर शर्मासँग भेट गरेका छन् ।

भारतको नयाँदिल्लीस्थित नेपाली दूतावासमा बुधबार बिहान भएको भेटमा भारतमा रहेका नेपालीका समस्या र समाधानका विषयमा छलफल भएको बानियाँको सचिवालयले जनाएको छ । भेटवार्तामा भारतमा बसेर व्यवसाय गरिरहेका व्यवसायीको समस्या र नेपालबाट स्वास्थ्यउपचारका लागि आउँदा ब्योहोर्नुपरेका समस्या बारेमा नेता बानियाँले चर्चा गर्दै समस्या समाधान लागि पहल गर्न राजदूत डा. शर्मालाई आग्रह गरेका थिए ।

प्रदेश सभापति बानियाँले भारतमा कार्यरत नेपाली मजदुर तथा विभिन्न व्यवसाय गरी बसेका नेपालीलाई स्वास्थ्यबीमाको प्रक्रियामा सामेल गराउने सम्बन्धमा पनि पहल गर्न आग्रह गरेका थिए । भेटवार्तामा राजदूत डा. शर्माले नेपाल र भारतबीच गहिरो मित्रता रहेकाले भारत सरकारबाट नेपालीको स्वास्थ्यउपचारमा आवश्यक सहयोग पाइरहेको बताएका थिए । उनले समस्यामा परेका नेपालीलाई राजदूतावासले भारत सरकारसँग आवश्यक समन्वय गरेर सहजिकरण गरिरहेको जानकारी गराएका थिए ।

छलफलमा नेता बानियाँसहित कांग्रेस बागमती प्रदेश कानुन तथा संसदीय मामिला विभागप्रमुख सानुकान्छा श्रेष्ठ, राजदुतावासका सहसचिव सुरेन्द्र थापा, श्यामराज पाण्डे, अर्जुन धरेललगायत विभिन्न अस्पतालमा उपचाररत विरामीका आफन्त तथा व्यवसायीको सहभागिता थियो । नेता बानियाँले मंगलबार नयाँदिल्लीका विभिन्न अस्पतालमा उपचाररत नेपाली विरामी तथा आफन्तलाई भेटेर उपचारमा परेका कठिनाइबारे जानकारी लिएका थिए । सोही क्रममा उनले राजदूतसँग छलफल गरेका हुन् ।

# मनोसामाजिक मनोविमर्शकर्ता तालिम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/हेटौंडामा ६ महिने मनोसामाजिक मनोविमर्शकर्ता तालिम सुरु भएको छ । 'मानसिक स्वास्थ्यको ख्याल गरौँ' भन्ने नाराकासाथ बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा ह्यूम्यान नेपाल धनगढीले बुधबारदेखि मनोसामाजिक मनोविमर्शकर्ता तालिम सुरु गरेको हो ।

तालिममा बागमती प्रदेशका १३ जिल्लाबाट छनोट भएर आएका १५ जना महिलाको सहभागिता रहेको छ । तालिमको उद्घाटन सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले गरेका हुन् । सो क्रममा बोल्दै उनले युवा पुस्तामा मानसिक समस्या धेरै देखिने गरेको बताए । युवा पुस्तामा धैर्यताको कमीका साथै हरेक कुरामा तुरुन्तै नतिजा खोज्ने प्रवृत्ति बढिरहेकोले उनीहरुलाई परामर्शको विशेष आवश्यक रहेको उनको भनाई छ ।

मन्त्री खड्गीले मानसिक स्वास्थ्य प्रवर्द्धन तथा मानसिक स्वास्थ्य समस्या न्यूनीकरणका लागि प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य गर्दै अघि बढ्न जरुरी रहेको बताए । ह्यूम्यान नेपालका अध्यक्ष उमेश सिवाकोटीले मानसिक समस्याबाट गुज्रीरहेकाहरुलाई मनोविमर्श सेवामार्फत् समस्या समाधानमा मनोसामाजिक मनोविमर्शकर्ताले प्रभावकारी भूमिका खेल्ने अपेक्षाका साथ तालिम आयोजना गरिएको बताए ।

तालिममा प्रमुखप्रशिक्षक विनोद पौडेल र मोनिका खड्काले सहजीकरण गर्ने बताइएको छ । ६ महिनासम्म चल्ने तालिम ३ वटा मोडलमा सञ्चालन गरिनेछ । तालिमका लागि सामाजिक विकास मन्त्रालयले १८ लाख ५० हजार बजेट छुट्याएको छ । गत वर्षपनि प्रदेशका १५ जना महिलाले यो तालिमा लिएका थिए । कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैह्रे, मदन भण्डारी स्वाथ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रदीप ज्ञवाली, स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण मिजार, जनस्वास्थ्य प्रमुख भोला चौंलागाईले तालिममा सिकेका कुरालाई व्यवहारमा लागू गर्न सहभागीलाई आग्रह गरेका थिए ।

# पिप्लेपोखरामा वन ब्यवस्थापन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/सव डिभिजन वन कार्यालय, हेटौंडाको आयोजनामा वन ब्यवस्थापन १ दिने फिल्ड अभ्यास तालिमको आयोजना गरिएको छ । हेटौडा ५ मा रहेको पिप्लेपोखरा सामुदायिक वनको क्षेत्रमा फिल्ड अभ्यास तालिमको आयोजना गरिएको हो । सामुदायिक वनमा गरिने वन ब्यवस्थापन, थिनिङ, झाडीसफाई लगायत कार्यको बारेमा जानकारी दिने उद्देश्यले तालिमको आयोजना गरिएको सव डिभिजन वन कार्यालय, हेटौडाकी वनअधिकृत सविना रिजालले बताइन् ।

तालिममा डिभिजनल वन अधिकृत राकेशप्रसाद चन्द्रबंशी, वनअधिकृत रिजाल, अधिकृत छैठौं श्रीकृष्ण न्यौपाने, सामुदायिक वन उपभोक्ता महासंघ स्थानीय महसंघ हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने लगायतले सहजीकरण गरेका थिए । तालिममा पिप्लेपोखरा, रानी, न्यूरेनी चिसापानी, सुन्दर, वनस्खणडी र भूटनदेवी सामुदायिक वनका पदाधिकारीको सहभागिता रहेको पिप्लेपोखरा सामुदायिक वनका अध्यक्ष रामहरि चौलागाईले बताए ।

# मनहरीमा शैक्षिक सुधार गर्न अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/मकवानपुरको मनहरी गाउँपालिकामा शैक्षिक गुणस्तर सुधारसम्बन्धी एक दिवसीय अन्तरक्रिया बुधबार सम्पन्न भएको छ । जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया भएको हो ।

मनहरी गाउँपालिका र राक्सिराङ गाउँपालिकाभित्र रहेका माध्यमिक विद्यालयका प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको उपस्थितिमा कार्यक्रम भएको हो । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले प्रस्तुत गरेको कार्यपत्रमा समग्र मकवानपुरको शैक्षिक अवस्था, जनशक्ति र आगामी दिनमा गर्नूपर्ने प्रयासका बारेमा उललेख गरिएको थियो । प्रगति माध्यमिक विद्यालयका प्राचार्य किशोर पराजुलीले प्रगति मावि‌ले राम्रो नतिजा ल्याउनका लागि गरेका असल अभ्यासका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय अधिकारी शान्ति विक, मनहरी गाउँपालिका उपप्रमुख सीता पुलामीमगर, जिल्ला समन्वय समिति मकवानपुरका प्रवक्ता खड्गबहादुर पुलामीले विद्यालयमा प्रधानाध्यापकहरुले निर्धक्क भएर काम गर्न आग्रह गरेका थिए । मनहरी गाउँपालिकाले शिक्षा र स्वास्थ्यमा बढी चासोका साथ अगाडि बढेको बताइएको थियो ।

कार्यक्रममा बालसञ्जालका सदस्य तथा अभिभावकको उपस्थिति रहेको थियो । जिल्ला समन्वय समिति मकवानपुरका कर्मचारी भीमप्रसाद शर्माले संचालन गरेको कार्यक्रममा प्रधानाध्यापकहरु भानुभक्त आचार्य, कबिता थिङ, अर्जुन पण्डित, रामकुमार ठाकुरलगायतले जिज्ञासा ब्यक्त गरेका थिए । कार्यक्रममा शिक्षकको गुणस्तर कसरी सुधार गर्ने ? कसरी उपलब्धीमूलक बनाउने ? सुधारमा के के आवश्यकता पर्छ ? भन्ने विषयममा छलफल भएको थियो ।

# प्राध्यापक पोखरेल कृषि तथा वन विश्वविद्यालयका डीन नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतको हेटौंडास्थित वन संकायको डीनमा प्राध्यापक बासुदेव पोखेल नियुक्त भएका छन् । विश्वविद्यालयको कार्यकारी परिषद्ले पोखेललाई ४ वर्षे कार्यकालका लागि डीन नियुक्त गरेको हो ।

मंगलबार नियुक्तिपत्र पाएको प्रा. पोखेलले बुधबार पदभार ग्रहण गर्ने तयारी भएको छ । यसअघि २ कार्यकाल सहायक डीनको जिम्मेवारीमा रहेका प्रा. पोखेल २०४९ सालमा तत्कालीन त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वनविज्ञान संकायबाट सेवाप्रवेश गरेका थिए । २०६९ सालमा कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना भएपछि त्रिविबाट कृषि तथा वन विज्ञान विश्वविद्यालयमा आएका पोखेल २०७२ सालमा प्राध्यापक भएका थिए ।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पस कीर्तिपुरबाट २०४९ सालमै विज्ञान संकायअन्तर्गत प्राणीशास्त्रमा स्नात्तकोत्तर उपाधि हासिल गरेका प्रा. पोखरेल आफ्नो कार्यकालमा नियमित कामलाई चुस्तदुरुस्तरुपमा सम्पन्न गर्नुका साथै शैक्षिक गुणस्तर बढाउन ध्यान दिने बताउँछन् । प्राध्यापकको संख्यामा कमिआएको र विद्यार्थीको पढाई समयमै पूरा गर्ने वातावरण निर्माण गर्नु चुनौती रहेको पोखरेलको भनाइ छ ।

अहिले एएफयुको वन संकायमा स्नात्तक तहमा तीन सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । स्नात्तकोत्तर तहमा एक सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । यस्तै वन संकायतर्फ ३ जना अनुसन्धाताले विद्यावारिधि उपाधिका लागि अध्ययन, अनुसन्धानको कार्य गरिरहेको प्राध्यापक पोखेलले जानकारी दिएका छन् ।

# महिला कृषक समूहलाई निर्जीवन बीमाबारे प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा एक दिवसीय निर्जीवन बीमाबारे जानकारी गराइएको छ । बुंदल सामूदायिक वन उपभोक्ता समूह अन्तरगत रहेको बुंदल महिला कृषि आयआर्जन समूहमा आवद्ध सदस्यलाई निर्जीवन बीमाबारे जानकारी गराइएको हो ।

वन समूहका अध्यक्ष भीमबहादुर अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय बीमा कम्पनी लिमिटेड हेटौंडा शाखाका सहायकव्यवस्थापक सुमन कार्कीले सहजीकरण गरेका थिए । वन समूहको वार्षिक कार्ययोजनाअनुरुप बीमा सम्बन्धी तालिम प्रदान गरिएको अध्यक्ष अधिकारीले बताए । आयआर्जन समूहले बेसारखेती र अदुवाखेती गर्दै आइरहेको छ ।

३० जना आवद्ध रहेको समूहलाई विशेष गरी बालीबीमाबारे जानकारी गराउनुका साथै राष्ट्रिय बीमा कम्पनीका सेवाका बारे प्रष्ट पारेका थिए । जीवन बीमा बाहेक अन्य हुने विभिन्न बीमाका विषयमा जानकारी गराएका थिए । सोही समूहलाई सोमबार भने बजारपात्रसँग अन्तरक्रिया, मूल्य श्रृंखला अभिवृद्धि र बजारीकरण सम्बन्धी प्रशिक्षण दिइएको थियो ।

तालिमलाई मकवानपुर गढी गाउँपालिका कृषि शाखाप्रमुख गोपाल लम्साल र कृषिअधिकृत सुदीप सुवेदीले प्रशिक्षण दिएका थिए । तालिममा वन समूहका सल्लाहकार चन्द्रप्रसाद दुलाल, फेकोफन जिल्ला कोषाध्यक्ष बलराम अधिकारी, फेकोफन कार्यक्रम संयोजक सन्ध्या शिवाकोटी, आयआर्जन समूहका अध्यक्ष विन्दा लामिछाने गौतमलगायतको सहभागिता रहेको थियो ।

# विद्यार्थीलाई न्यानो कपडा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/राष्ट्रिय युवा संघ नेपाल भीमफेदी गाउँपालिका कमिटीले विद्यार्थीलाई न्यानो कपडा सहयोग गरेको छ । युवा संघ भीमफेदी गाउँपालिका अध्यक्ष बादल सिलवालको नेतृत्वमा बाराही माविमा मंगलबार एक कार्यक्रमको आयोजना गरी विद्यार्थीलाई स्वेटर सहयोग गरिएको हो ।

भीमफेदी-४ स्थित बाराही माविका विद्यार्थीलाई विद्यालयसँग समन्वय गरी स्वेटर वितरण गरिएको अध्यक्ष सिलवालले जानकारी दिए । संघले विभिन्न सामाजिक क्रियाकलाप आयोजना गर्दै आइरहेको छ ।

# हेटौंडाले स्वास्थ्यक्षेत्रमा फड्को मारेको छः मन्त्री थापा

साझाकुरा संवाददाता

हेटौंडा, ९ माघ/बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनापछि हेटौंडाले स्वास्थ्य सेवामा ठूलो फड्को मारेको दाबी गरेका छन् ।

लायन्स ऋतम्भरा वैकल्पिक स्वास्थ्य प्रतिष्ठानको पुनर्नवा अस्पताल भवन शिलान्यास कार्यक्रममा बोल्दै उनले हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत ल्याएपछि सेवा सुधार भएको र थप प्रभावकारी स्वास्थ्यसेवा उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताए । बिगतमा हेटौंडा अस्पताल रिफर सेन्टरको रुपमा चिनिएको भएपनि प्रतिष्ठानअन्तर्गत गएपछि विशेषज्ञसेवा थपिँदै सेवा प्रभावकारी बनेको मन्त्री थापाले बताए ।

हेटौंडामात्र नभई बागमती प्रदेशका सबै अस्पतालमा सेवाग्राहीको भिड देखिन थालेको भन्दै अझ प्रभावकारी बनाउन सरकारले थप योजना बनाउने उनको प्रतिबद्धता छ । यस्तै आयुर्वेद अस्पतालको विस्तार पनि सरकारको प्राथमिकतामा रहेको उनले जानकारी दिए । मन्त्री थापाले तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा प्रत्येक जिल्लामा आँखाको उपचारसेवा पुऱ्याइने जानकारी दिए ।

**लागु औषधबाट बचौं र बचाऔं !**

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनतः दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

**एमपक्स संक्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शररि सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो वढ्ने भएकाले सचेतना बढाऊँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना